

# युएनडीपी नेपाल

# युवा रणनीति

## २०१८-२०२२

UNDP
Empowered lives.
Resilient nations.


*आवरण : सन् २०१७ को संयुक्त राष्ट्रसंघ दिवसका अवसरमा पाटन दरवार क्षेत्रमा दिगो विकास मण्डला बनाउँदै कलाकारहरू । तस्विरः लक्ष्मीप्रसाद डाखुसी*

© २०१८ संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)
युएन हाउस, पुल्चोक, ललितपुर
पोस्ट बक्स नम्बर : १०७, काठमाडौं, नेपाल
फोन : (९७७-१) ५५२३२००
फ्याक्स : (९७७-१) ५५२३९९१/५५२३९८६

## युएनडीपी नेपाल

# युवा रणनीति

२०१८-२०२२



*पृथ्वी दिवस २०१८ को अवसरमा प्लास्टिक प्रदूषण अन्त्य गर्नुपर्ने आवश्यकताबारे जनचेतना जगाउन युएनडीपीको सहयोगमा स्वच्छ ऊर्जा नेपालद्वारा आयोजना गरिएको युवा परिचालनको झलक ।*
*तस्बिरः लक्ष्मीप्रसाद डाखुसी*

# विषय सूची


**नेपालमा युवा** १

सन्दर्भ १

नेपालमा युवाका मुद्दा ३

**राष्ट्रिय युवा कार्यढाँचा** ६

**युवाका लागि संयुक्त राष्ट्रसंघीय पहल** ९

**युएनडपी नेपाल युवा रणनीति** १२

**प्रतिफल १. युवाको आर्थिक सशक्तीकरणमा वृद्धि** १४

**प्रतिफल २. युवा नागरिक संलग्नता** १७

**प्रतिफल ३. उत्थानशील निर्माणमा युवा संलग्नता** २०

**पद्धति** २२

**कार्यान्वयनका सिद्धान्तहरू** २३

**सञ्चार र बाहृयपहुँचका साधन** २५

**दिगो र नवसृजनाको साझेदारी** २६

# नेपालमा युवा




*युएनडीपीले विभिन्न युवा संस्थाहरूसँगको साझेदारीमा सन् २०१७ नोभेम्बरमा आयोजना गरेको प्रथम युवा को:ल्याब राष्ट्रिय संवादका सहभागीहरू । तस्बिर: युएनडीपी*

## सन्दर्भ

विश्वमा अहिले युवाको जनसङ्ख्या पहिले कहिल्यै नभएजति रहेको छ । तिनको ८५ प्रतिशत विकासोन्मुख राष्ट्रहरूमा बसोबास गर्दछन् । वर्तमान युवाका लागि सम्पर्क, कार्य सम्पादन र प्रभावको सन्दर्भमा हाल उपलब्ध अवसरहरू अभूतपूर्व छन्, त्यस्तै अवस्था उनीहरूले सामना गर्नुपर्ने चुनौतीको पनि छ । युवा वर्गले जलवायु परिवर्तनदेखि बेरोजगारी, विभिन्न स्वरूपका असमानता, भेदभाव र बहिष्करणका समस्याहरूको सामना गर्नु परेको छ, खासगरी जोखिमको अवस्था वा सीमान्तीकरणमा परेका युवाले धेरै व्यावधानहरूबाट पार पाउनु परेको छ ।

यसको मूल कारण स्रोत, शिक्षा, स्वास्थ्य सेवाका साथै आर्थिक, सामाजिक र राजनीतिक अवसरहरूमा सीमित र असमान पहुँचका विषयवस्तु रहेका छन् । विभिन्न स्वरूपमा हुने गरेको अपमान तथा शोषण अर्को चुनौती हो । यो चुनौती विशेषगरी लिङ्गका आधारमा हुने हिँसा र बहुतहको भेदभावको जोखिममा रहेका किशोरी तथा महिलामा बढी छ । द्वन्द्वको बेलामा प्रायः युवा नै लक्ष्यमा हुन्छन् र वितण्डा मच्चाउने वर्गका रूपमा लिइन्छन् । उनीहरू उनीहरूको आफ्नो दैनिक जीवनमा असर पार्ने निर्णयमा पनि अर्थपूर्ण रूपमा विरलै सहभागी गराइन्छन् । त्यसकारण युवाको

शिक्षा, मर्यादित काम तथा रोजगारीका अवसर, जीविकोपार्जनका सिप, आधारभूत सेवाहरूमा पहुँच र नागरिक तथा राजनीतिक सहभागितामा लगानी युवाको अधिकारको रक्षा र सुन्दर भविष्यका लागि चालिनु पर्ने अत्यावश्यक कदम हुन् ।

दिगो विकास लक्ष्यहरूको सम्पूर्ण अवधि (सन् २०१५-२०३०) र त्यसपछिको अवधिलाई पनि समेट्दै नेपालमा सन् २०३५ सम्म युवा वर्ग प्रभावशाली जनसाङ्ख्यिक समूह रहनेछ । नेपालमा दिगो विकास लक्ष्यको कार्यान्वयनमा सहयोग गर्नका लागि युएनडीपी युवाको सबल संलग्नता रहेको मार्गचित्रबाट निर्देशित छ । नेपालमा विभिन्न युवा संस्था र सञ्जालहरू कार्यरत छन् । लाभप्राप्तकर्ताका रूपमा युवासँग काम गर्दा र परिवर्तनका नेतृत्वकर्ता र संवाहकका रूपमा उनीहरूलाई सहयोग गर्दा युएनडीपीले ती संस्था र सञ्जालहरूसँग संलग्न हुने लक्ष्य लिएको छ ।

## युवाको परिभाषा

संयुक्त राष्ट्रसंघले “युवा” भनेर १५-२५[1] वर्षबीचको उमेर समूहका व्यक्तिलाई परिभाषित गरेको छ, जबकि नेपाल सरकारले १६ देखि ४० वर्षका बीचका मानिस भनेर परिभाषालाई विस्तार गरेको छ । राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन अनुसार नेपालमा त्यो उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ४० प्रतिशतभन्दा बढी छ । तीमध्ये करिब ४६ प्रतिशत पुरुष र ५४ प्रतिशतभन्दा बढी महिला छन् । सान्दर्भिक विषयवस्तुको व्यापक स्तरलाई ख्याल गर्दै नेपालको सामाजिक-सांस्कृतिक सन्दर्भ र राष्ट्रिय युवा प्राथमिकतासँग तालमेल गर्न युएनडीपी नेपाल अझ बढी लचिलो परिभाषाको उपयोग गर्दछ ।

*१ संयुक्त राष्ट्रसंघ (सन् १९८१), महासभामा प्रस्तुत महासचिवको प्रतिवेदन (ए/३६/२१५)*

# नेपालमा युवाका मुद्दा

**नेपालका युवाको विकासमा धेरै तथ्यहरूले अवरोध गरिरहेका छन् । तिनमा रोजगारीका अवसरहरूको कमी, राजनीतिक प्रक्रियामा सीमित सहभागिता, अवैध गतिविधिमा संलग्नता, जलवायु परिवर्तनको जोखिम र भेदभावका विभिन्न स्वरूप लगायतका पर्दछन् । रोजगारीका अवसरहरूको कमीको फलस्वरूप त्यसैका कारणले गर्दा नै वैदेशिक रोजगारीमा जाने तथा प्रतिभा पलायनको क्रम पनि बढेको छ ।**

## युवा र बेरोजगारी

समग्र जनसङ्ख्याभन्दा युवा जनसङ्ख्याका लागि बेरोजगारीको दर उच्च छ। १५-२९ वर्षको उमेर समूहको बेरोजगारी दर १९.२ प्रतिशत छ। रोजगारीको अनुपात (३३.४ प्रतिशत युवती र ४२.८ प्रतिशत युवक) र श्रम बजारमा सहभागिता (४३.० प्रतिशत युवा महिला र ५१.७ प्रतिशत युवा पुरुष) का आधारमा युवा महिला युवा पुरुषभन्दा खराब अवस्थामा छन् । यसका अतिरिक्त बेरोजगार कुल युवाको झन्डै २७ प्रतिशत एक वर्षभन्दा बढी अवधिको रोजगारीको खोजीमा छ। यो युवा जनसङ्ख्याले उनीहरू आफू र उनीहरूको परिवारलाई गरिबीबाट माथि उकास्ने मर्यादित कामको खोजीमा बढ्दो कठिनाइको सामना गर्नु परिरहेको छ[२]।

## युवा र बसाइँ सराइ

दैनिक एक हजार पाँच सयभन्दा बढी नेपाली वैदेशिक रोजगारीका लागि नेपालबाट बाहिरिन्छन्[३]। विश्व बैङकको अनुसार नेपाल भित्रिने रेमिट्यान्स कुल गार्हस्थको करिब २८ प्रतिशत रहेको छ[४] । बितेका दुई दशकमा नेपालको ग्रामीण क्षेत्रबाट सहरी केन्द्रहरूमा आन्तरिक बसाइँ सराइ र नेपालबाट भारत तथा मध्यपूर्वका देशहरूमा बाह्य बसाइँ सराइ बढेको छ[५]।


*दैनिक १,५०० भन्दा बढी युवा नेपाली वैदेशिक रोजगार बजारमा कामको खोजीका लागि देशबाट बाहिरिन्छन् । तस्विर: लक्ष्मीप्रसाद डाखुसी*

२ नेपालमा युवा महिला र युवा पुरुषका लागि श्रम बजार सङ्क्रमण (२०१४), आईएलओ र मास्टर कार्ड फाउन्डेसन

३ सूचना प्रविधिमा कृषि ग्रामीण विकास र युवा (२०१३), नेपालमा युवा बसाइँ सराइको परिदृश्य, http://ardyis.cta.int/fr/actualites/actualites-du-projet/item/197-scenario-of-youth-migration-in-nepal मा उपलब्ध छ, र, विदेशमा काम खोज्ने नेपाली मरेर फर्कने दर बढ्दो (२०१६)

४ http://www.dailyherald.com/article/20161220/business/312209759 मा उपलब्ध छ

५ गौतम, टीकाराम (२००८), नेपालमा बसाइँ सराइ र वृद्धवृद्धाका समस्या, http://lib.icimod.org/record/13468/files/6058.pdf मा उपलब्ध छ

*रोजगारीका लागि श्रमिकको बसाइँ सराइ : नेपालको अवस्था सम्बन्धी प्रतिवेदन सन् २०१३/१४* अनुसार वैदेशिक रोजगारीमा पुरुषको प्रभुत्वको छ, कुल श्रम स्वीकृतिको करिब ९५ प्रतिशत पुरुषलाई दिइएको छ । तर अर्को तथ्याङ्कले भारत (जहाँ श्रम स्वीकृति आवश्यक पर्दैन) वा अनौपचारिक रूपबाट कामका लागि विदेश जाने महिलाको सङ्ख्या कुल वैदेशिक रोजगारीको १२ प्रतिशतभन्दा बढी रहेको देखाउँछ[६]। युवाको बसाइँ सराइ वृद्धिमा योगदान गर्ने केही तथ्यहरूमध्ये गरिबी, रोजगारीका सीमित विकल्प, लम्बिएको राजनीतिक सङ्क्रमणकाल रहेका छन् ।

## युवा र सहभागिता

नेपालमा लोकतन्त्रको स्थापना र सुदृढीकरणलाई ठोस आकार दिएका धेरै राजनीतिक आन्दोलनको सफलतामा नेपाली युवाको प्रतिवद्धता र योगदान महत्वपूर्ण रहेका छन् । त्यस्ता केही आन्दोलनहरूमा राणा शासनको अन्त्यका लागि भएको विसं २००७ को आन्दोलन, पञ्चायती व्यवस्थाको अन्त्य गर्दै संवैधानिक राजतन्त्र स्थापना गरेको विसं २०४६ को आन्दोलनका साथै नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरणका लागि मार्गदर्शन गरेको विसं २०६२/६३ को दोस्रो जनआन्दोलन रहेका छन् । उदाहरणहरू यस्ता रहेको भए पनि युवाको राजनीतिक अर्थपूर्ण सहभागिता र आमरूपमा युवाका मुद्दाहरूलाई देशका मुख्य प्राथमिकताका क्षेत्रमा महत्वपूर्ण स्थान दिइएको छैन ।

युवा वर्गलाई राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रको किनारामा नै राखिने कुराले निरन्तरता पाएको छ। औपचारिक राजनीतिक प्रक्रिया र संस्थाहरूमा अझै पनि युवाको सीमित सहभागिता रहने गरेको छ । राजनीतिक दलहरूका युवा संगठनमा नेताहरू पनि प्रायः ३५ वर्षभन्दा माथिका रहने गरेका छन्[७]।

त्यस कारण राजनीतिक नेतृत्वसित युवा महिला र युवा पुरुषको मोहभङ्ग भएको छ र उनीहरू नीति निर्माण तथा निर्णय प्रक्रियामा संलग्न हुने संस्थाहरूबाट बहिष्करणमा परेका छन् । त्यसैले नेपाली युवाको राजनीतिक सक्रियता सधैँ नै महत्वपूर्ण राजनीतिक संयन्त्रबाट निर्देशित छ । सन् १९९७ र २०१७ को बिचमा स्थानीय निकायको निर्वाचन नहुँदा पनि युवा सहभागिता अवरुद्ध भएको छ ।

## युवा र शान्ति स्थापना

विसं २०५१ देखि २०६२ सम्मको सशस्त्र द्वन्द्वले नेपालका युवामा महत्वपूर्ण प्रभाव पारेको थियो । त्यस अवधिमा धेरै युवा मानव अधिकारको उल्लङ्घन, यौनजन्य हिँसा र यातनाबाट पीडित भए, खासगरी सम्भाव्य जीविकोपार्जन र रोजगारीका अवसरमा पहुँच नभएका अरु धेरै युवा अवैध गतिविधि र हिँसात्मक कार्यमा धकेलिए । त्यसैले समाजको निर्माणमा यी युवा महिला र युवा पुरुषको सामाजिक, राजनीतिक र केही अवस्थामा सांस्कृतिक पुनःएकीकरण सम्भव तुल्याउन धेरै नै ध्यान दिनु आवश्यक छ ।

## युवा र उत्थानशीलता

जलवायु परिवर्तन, भूकम्प र बाढीको तुलनात्मक जोखिम बढी भएका विश्वका १९८ देशहरूमध्ये नेपाल क्रमशः चौथौँ, एघारौँ र ३० औँ स्थानमा पर्दछ[८]। जलवायु परिवर्तनको असर वृद्धिको तीव्रता र यसैका कारण मौसमजन्य घटनाहरूको तीव्रता र युवा जनसङ्ख्याको विद्यमान जोखिम बढ्दै गएको छ। तर अर्कातर्फ तिनीहरूका सञ्जाल र क्षमतालाई प्रभावकारी रूपमा उपयोग गरियो भने प्राकृतिक विपद्का बेला पुनर्लाभ र उत्थानशीलता हासिल गर्न युवाले ठुलो योगदान गर्न सक्छन् भन्ने कुरा २०७२ को भूकम्पपछि देखिएको छ ।

६ *http://ilo.org/kathmandu/areasofwork/labour-migration/lang--en/index.htm*

७ *नेपालका राजनीतिक दलका युवा सङ्गठनका नेतृत्व : निरु पाल - युवा सङ्घ ४२ वर्ष, जितजङ्ग बस्नेत - नेपाल तरुण दल ४६, नयनसिंह महर - नेपाल विद्यार्थी सङ्घ ४४, आरसी शर्मा - योङ्ग कम्युनिस्ट लिग, ३८, रञ्जित सिंह - सद्भावना पार्टीको युवा सङ्गठन ३७, कृष्ण सिंह - तराई मधेस लोकतान्त्रिक पार्टी ३८, सुनिल चौधरी - सिंहिया युवा मञ्च ३८*

८ *नेपालमा विपद् जोखिम न्यूनीकरण : उपलब्धि, चुनौती, र आगामी कदम, नेपाल सरकार, गृह मन्त्रालय*

# युवा र विविधता तथा जोखिमको अवस्था



*गाईजात्राको र्‍यालीमा सहभागी हुँदै नेपालमा राहदानी प्राप्त गर्ने पहिलो तेस्रो लिङ्गी मोनिका शाही । तस्बिर : लक्ष्मीप्रसाद ङाखुसी*

नेपालका युवा समान प्रकृतिका छैनन् र उनीहरूका आवश्यकता र अनुभवमा फरक पाइन्छ । बेग्लाबेग्लै समूहहरूका लागि विशेष किसिमले ध्यान दिनु आवश्वयक छ किनभने तिनीहरूले बहिष्करण, असमानता र भेदभावका खासखास चुनौतीको सामना गर्दछन् । त्यस्ता समूहहरूमा यौनजन्य हिँसा र शोषणको जोखिममा रहेका किशोरी; अति सीमान्तीकृत आदिवासी जनजाति युवा; लाभबाट वञ्चित युवा महिला र किशोरीहरू; दलित युवा; अपाङ्गता भएका युवा; आधारभूत शिक्षा नपाएका युवा; बेरोजगार युवा; आप्रवासी कामदार तथा तिनका परिवार; ग्रामीण सुकुम्बासी र जमिन नभएका गरिब युवा; युवा बँधुवा मजदुर तथा बलपूर्वक श्रममा लगाइएका युवा; सहरी सुकुम्बासी बस्तीमा बसोबास गर्ने युवा; द्वन्द्व प्रभावित युवा; विशेष गरी जलवायु पविर्तनको जोखिममा रहेका युवा; यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक युवा; एचआईभी सङ्क्रमित मानिस र अरु पनि पर्दछन् ।

**नेपाली युवालाई विकास प्रक्रियामा योगदान दिने बनाउन युवाको सशक्तीकरणका लागि धेरै नीति, योजना र पूर्वाधारहरू रहेका छन् । यी प्रतिवद्धतालाई व्यवहारमा लागु गर्ने हो भने तिनले रूपान्तरणकारी परिवर्तनका लागि सक्रिय नागरिकका रूपमा उनीहरूको भूमिका बढाउन युवालाई सहयोग गर्न सक्छन् ।**

# राष्ट्रिय युवा कार्यढाँचा

**राष्ट्रिय स्तरका विभिन्न प्रमुख संरचना र नीतिहरूले युवाका मुद्दाहरूलाई प्राथमिकता दिएका छन् :**

## नेपालको संविधान

२०७२ मा जारी भएको नेपालको संविधानले नेपालको सर्वाङ्गीण विकासमा युवा सहभागितालाई प्रोत्साहन गर्ने नीतिहरूको व्यवस्था गरेको छ । यसका लागि संविधानले युवाको व्यक्तिगत विकास र शसक्तीकरण गर्ने उद्देश्यले शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा युवाका लागि अवसरहरूको सिर्जनामा जोड दिएको छ र त्यसै अनुसारका प्रावधान गरेको छ ।

## युवा तथा खेलकुद मन्त्रालय

नेपालमा युवा विकासलाई प्रवर्द्धन र सहायता गर्ने कार्यादेशसहित युवा तथा खेलकुद मन्त्रालयको स्थापना सन् २००९ मा भएको थियो । यस मन्त्रालयको मुख्य कार्य क्षेत्रमा युवा नीति, रणनीति तथा योजना तर्जुमा गर्ने; कार्यान्वयनका संयन्त्रहरू सिर्जना गर्ने; र नीति र योजनाहरू कार्यान्वयन गर्न बजेट सुनिश्चित गर्ने रहेका छन् । राष्ट्रिय युवा नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि पनि



*नेपालको संविधानले शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा युवा जनसङ्ख्याका लागि अवसरहरू सिर्जना गर्नुपर्ने आवश्यकतालाई आत्मसात गरेको छ ।*
*तस्बिर : लक्ष्मीप्रसाद झाखुसी*

यो मन्त्रालय जिम्मेवार छ । यसले स्थानीय युवा साझेदारी कार्यक्रम सन् २००९/२०१० जस्ता युवा कल्याणका लागि विभिन्न कार्यक्रमहरूको पनि थालनी गरेको छ । यसैगरी अर्थ मन्त्रालयले युवा स्वरोजगार कार्यक्रम, राष्ट्रिय युवा खेलकुद प्रतियोगिता र युवा परिचालन कार्यक्रमहरू र अरु पनि युवा विकास गतिविधिहरूका लागि वार्षिक बजेटको विनियोजन गर्दछ ।

## राष्ट्रिय युवा परिषद्

युवा तथा खेलकुद मन्त्रालयले स्वायत्त संस्थाका रूपमा राष्ट्रिय युवा परिषद् गठन गरी कार्यान्वयनमा ल्याएको छ । परिषद्मा सम्बन्धित मन्त्रालयहरूका प्रतिनिधि, राजनीतिक दलका भ्रातृ संगठनहरूका प्रतिनिधि र सरकारबाट नियुक्त पदाधिकारी रहन्छन् । परिषद्को मुख्य उद्देश्य सरकार, गैरसरकारी निकायहरूका साथ निजी क्षेत्रबाट पनि लागु हुने युवासँग सम्बन्धित कार्यक्रमहरूको संयोजन गर्नु, एकरूपता ल्याउनु र सहजीकरण गर्नु रहेको छ ।

## युवा परिकल्पना २०२५

युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतको राष्ट्रिय युवा परिषद् बाट युवाको विकासका लागि १० वर्षे युवा रणनीति तर्जुमा भएको छ । यसले युवा विकासका लागि मुख्य रूपमा शिक्षा, रोजगारी, स्वास्थ्य, सामाजिक सुरक्षा, नेतृत्व विकास र खेलकुद तथा मनोरञ्जनका क्षेत्रहरूमा केन्द्रित छ । यो राष्ट्रिय युवा परिषद् तथा प्रदेश तहमा रहेका यसका शाखाहरूबाट कार्यान्वयन हुनेछ ।


## राष्ट्रिय युवा नीति

राष्ट्रिय युवा नीति युवाको सशक्तीकरण गर्न युवा तथा खेलकुद मन्त्रालयबाट तर्जुमा भएको हो । राष्ट्रिय युवा नीतिले समृद्ध, आधुनिक र न्यायपूर्ण नेपालका लागि योगदान गर्न युवाको क्षमता विकास गरेर तथा अर्थपूर्ण सहभागिता र नेतृत्व मार्फत राष्ट्रिय विकासमा युवालाई समाहित गरेर उक्त कार्य गर्ने लक्ष्य लिएको छ । उक्त नीति नेपालको अन्तरिम संविधान २०६३ को सन्दर्भमा तर्जुमा भएको थियो, जसले "देशको विकासमा युवा पुँजीलाई परिचालन गर्न विशेष नीति ल्याउने" कार्यादेश राज्यलाई दिएको थियो ।

## चौधौं विकास योजना

चौधौं विकास योजना (२०७३/७४-२०७५/७६) मा युवा विकासका लागि एउटा भाग समावेश छ[९] । त्यसमा सामाजिक आर्थिक विकास र दिगो शान्तिमा मुख्य योगदानकर्ताका रूपमा युवाको भूमिकालाई आत्मसात गर्नुका साथै उनीहरूको सम्भाव्य शक्तिलाई काममा लगाउन उनीहरूलाई अवसर प्रदान गरिनु पर्ने कुरालाई मान्यता दिइएको छ । सरकारको योजनामा युवालाई स्थान दिइनुले महत्वपूर्ण अग्रगामी कदमको प्रतिनिधित्व गर्दछ, यो नेपालका युवाको तर्फबाट वकालत गर्ने संस्थाहरूको संयोजित आवाजको विजय हो । यस योजना बमोजिम आर्थिक वर्ष २०७३/७४ का लागि सरकारको नीति तथा कार्यक्रमले युवा लक्षित प्रावधानहरूलाई उजागर गरेको छ । उदाहरणका लागि युवा स्वरोजगार कार्यक्रम मार्फत हरेक वर्ष ५० हजार युवालाई स्वरोजगार बनाइनेछ । यसलाई अझ वृद्धि गरिनु पर्दछ । यसैको हिस्साका रूपमा बेरोजगार युवालाई परियोजनाका आधारमा सहुलियतपूर्ण ऋणमा पहुँच प्रदान गरिनेछ ।

*९ नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०१६) ,चौधौं विकास योजना* http://www.npc.gov.np/en/category/periodic_plans#. *मा उपलब्ध छ ।*



*१४औं योजनाले युवा जनसङ्ख्यालाई सामाजिक आर्थिक विकास गर्न र दिगो शान्तिका लागि मुख्य योगदानकर्ताका रूपमा स्वीकार गरेको छ। तस्बिर : युएनडीपी*

## युवा संस्थाहरू

नेपालमा युवा सशक्तीकरणका लागि राष्ट्रिय गैरसरकारी संस्थाहरू तथा नागरिक समाज संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। समाज कल्याण परिषद्मा झण्डै ४६,५०० गैरसरकारी संस्थाहरू आवद्ध छन् र तिनमा करिब २० प्रतिशत युवा संस्थाहरू छन् । परिषद्को स्वीकृतिमा काम गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू पनि करिब १९० छन् र तीमध्ये केही प्रत्यक्ष रूपमा युवाका मुद्दामा काम गर्दछन् । युवा संलग्नता र सशक्तीकरणका लागि ती विभिन्न संस्थाहरूको संयोजित सहयोगमा युएनडीपीले साझेदारी गरेको छ ।

**युवाका मुद्दाहरूलाई राष्ट्रिय परिदृश्यमा ल्याउन केही पाइला चालिएको स्पष्ट देखिए पनि गर्नु पर्ने काम अझ धेरै छ । सरकार र युवाका बीचमा अझ राम्रो साझेदारीलाई सहजीकरण गर्न र युवा कल्याणमा अरु बढी केन्द्रित गराउन संयुक्त राष्ट्रसंघीय निकायहरूका साथै विभिन्न विकास साझेदारहरूले विभिन्न पहल गरिरहेका छन् ।**

# युवाका लागि संयुक्त राष्ट्रसंघीय पहल

**संयुक्त राष्ट्रसंघ नेपालले आफ्ना काममा युवालाई मूलप्रवाहीकरण गर्न उल्लेख्य प्रयत्न गरेको छ । उदाहरणका लागि संयुक्त राष्ट्रसंघीय विकास सहायता कार्यढाँचा (युएनडीएएफ) सन् २०१८-२०२२ मा युवालाई अन्तरसम्बन्धित विषयवस्तुका रूपमा लिइएको छ र संयुक्त राष्ट्रसंघीय प्रणालीमा युवाका मुद्दामा काम गर्न तर्जुमा गरिएका युवासँग सम्बन्धित धैरै पहल छन् ।**



*२०१४ को संयुक्त राष्ट्रसंघीय तालिमी शिक्षामा सहभागी विश्वविद्यालय स्नातकहरू। तस्बिर : युएनडीपी*

## युएनसीटी युवा समूह

यस मञ्चले युवासँग सम्बन्धित राष्ट्रिय प्राथमिकता तथा आवश्यकताहरूमा छलफल गर्न र तिनीहरूमा संयुक्त राष्ट्रसंघीय प्रणा-लीले सहयोग गर्न सक्ने उपायहरू पत्ता लगाउन नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघीय निकायहरूलाई एक ठाउँमा ल्याउँछ । युएनडीपी यस समूहको सक्रिय सदस्य हो र यसले संयुक्त राष्ट्रसंघीय प्रणाली र सरकार, नागरिक समाज, गैरसरकारी संस्था र निजी क्षेत्रमा आफ्ना साझेदारहरूबीच संयोजन गर्न र तालमेल मिलाउन यस मञ्च मार्फत काम गर्दछ ।

## युएन तालिमी शिक्षा

नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघीय निकायहरूले सामाजिक बहिष्करणमा परेका समूहका विश्वविद्यालय स्नातकहरूको पेसागत प्रतिस्पर्धी क्षमता र रोजगारीका लागि योग्यता निर्माणका पक्ष विकास गर्न सहयोग गर्ने गरी तयार पारिएको संयुक्त तालिमी शिक्षा कार्यक्रममा सहकार्य गरिरहेका छन् । कामकाजी तालिम, अनुगमन तथा व्यावहारिक अनुभवमा पहुँचमा केन्द्रित हुँदै संयुक्त राष्ट्रसंघमा त्यस्तो तालिमी शिक्षाको काम ११ महिनाको पूर्णकालीन हुने गरेको छ ।

## संयुक्त राष्ट्रसंघीय स्वयंसेवा

स्वयंसेवावाद शान्ति स्थापना गर्ने सशक्त साधन र विकासको स्वरूपका रूपमा व्यापक परिचित छ र यसले स्वावलम्बन, एकता र सामाजिक सद्भावका अन्तर्निहित केन्द्रिय मूल्यमा आधारित भएर काम गर्दछ। स्थानीय शासन व्यवस्थाको प्रवर्द्धन र/वा विपद्मा सहयोग तथा तत्कालको पुनर्लाभका पहल लगायतका विभिन्न सन्दर्भहरूमा युवाको संलग्नता बढाउन युएनडीपी नेपालले संयुक्त राष्ट्रसंघीय स्वयंसेवक कार्यक्रमसँग मिलेर काम गरेको लामो अनुभव छ । भविष्यमा पनि यस कामलाई अझ सुदृढ गरिनेछ ।

## संयुक्त राष्ट्रसंघीय युवा परामर्शदातृ समूह

संयुक्त राष्ट्रसंघले शान्ति, सुरक्षा, न्याय र मानव अधिकारलाई कायम राख्ने र तिनको प्रवर्द्धन गर्ने कार्यमा युवाको भूमिकालाई परिवर्तनको संवाहकका रूपमा पहिचान गरेको छ । यसले संयुक्त राष्ट्रसंघीय एजेन्सीहरू र कार्यक्षेत्रमा युवाबीच उत्पादक संवाद र ज्ञानको साझेदारी गर्ने कार्यलाई पनि उच्च महत्व दिएको छ। यही कार्य (युवा जनसङ्ख्याको अर्थपूर्ण सहभागितासाथ संयुक्त राष्ट्रसंघलाई बढी युवा सहयोगी र समावेशी बनाउन सहयोग गर्न) का लागि सन् २००८ मा संयुक्त राष्ट्रसंघीय युवा परामर्शदातृ समूहको गठन भएको थियो ।



*संयुक्त राष्ट्रसंघले संयुक्त राष्ट्रसंघीय निकायहरू र स्थानीय युवाका बीचमा संवादको स्थापना र ज्ञानको साझेदारीमा सुधारलाई ठूलो महत्व दिन्छ । तस्बिर : युएनडीपी*




यी संयुक्त राष्ट्रसंघीय अन्तरसंयन्त्रका अतिरिक्त युवालाई उनीहरूको आफ्नो विकासमा संलग्न गराउन, संलग्न हुन सशक्त बनाउन सहयोग गर्नका लागि युएनडीपी नेपालले युवाका विषयवस्तु/मुद्दामा कार्यरत गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र द्विपक्षीय तथा बहुपक्षीय निकायहरूका साथै अन्य विकास साझेदारहरूसँग सहकार्य गर्ने चाहना राखेको छ। युएनडीपी बैङ्कक क्षेत्रीय हब र युएनडीपी मुख्यालय न्यु योर्कसँग निकटमा रही काम गरेर क्षेत्रीय र विश्वव्यापी पहलहरूमा पनि युएनडीपी नेपाल अग्रसर छ।

*युएनडीपीअन्तर्गत सिन्धुपाल्चोकमा भूकम्प प्रभावित घरधुरीको सर्वेक्षण गर्दै संयुक्त राष्ट्रसंघीय स्वंसेवा कार्यक्रमका स्वयंसेवकहरू। तस्बिर : लक्ष्मीप्रसाद ड्राखुसी*

# युएनडीपी नेपाल युवा रणनीति

युएनडीपी नेपालको युवा रणनीतिले युएनडीपीका सबै क्षेत्रका काममा युवालाई परिवर्तनका संवाहकका रूपमा मूलप्रवाहीकरण गर्ने उद्देश्यसाथ विकासका विभिन्न क्षेत्रहरू (आर्थिक वृद्धि, लोकतान्त्रिक शासन व्यवस्था र उत्थानशील निर्माण र अरु पनि) मा युवा जनङ्ख्याले खेलेको प्रमुख भूमिकालाई पहिचान गर्दछ।

यस रणनीतिले युवाका मुद्दा, आवश्यकता र सरोकारहरूलाई प्राथमिकीकरण, विश्लेषण र सम्बोधन गर्ने तथा स्थानीय र विश्व रूपान्तरणमा युवाको सक्रिय योगदानमा सहयोग गर्ने प्रतिवद्धता समाहित गरेको छ। यो दस्तावेज युएनडीपीको विश्व युवा रणनीतिबाट निर्देशित छ र यो तिन वटा खम्बाहरू अर्थात प्रतिफलका क्षेत्रहरूमा केन्द्रित छ, जुन धेरैजसो युएनडीपी नेपालको राष्ट्रिय सहायता कार्यक्रम २०१८-२०२२ का प्रतिफलसँग मेलखाने छन् :



युवाको आर्थिक सशक्तीकरण

युवाको नागरिक संलग्नता

उत्थानशील निर्माणमा युवा संलग्नता

यस रणनीतिले विशेष आयोजना र कार्यक्रमहरूका साथै युएनडीएएफ र युएनडीपी नेपालको राष्ट्रिय सहायता कार्यक्रम मार्फत राष्ट्रिय स्तरमा कार्यान्वयनका लागि आवश्यक तत्वहरूको पहिचान गर्न खोजेको छ । गरिबी र समावेशी वृद्धि; लोकतान्त्रिक शासन व्यवस्था; र वातावरण, जलवायु परिवर्तन तथा जोखिम व्यवस्थापनसँग सम्बन्धित युएनडीपीका चालु सबै सहयोग युवाका आवश्यकता अनुरूप हुने गरी राम्ररी व्यवस्थापन गरिएका छन् ।

यो रणनीति अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कार्यढाँचा तथा महासन्धिहरूका साथै संयुक्त राष्ट्रसंघीय प्रणालीका मुख्यमुख्य दस्तावे-जहरूमा अन्तर्निहित मूलभूत सिद्धान्तहरूबाट निर्देशित छ । यो बाल अधिकार सम्बन्धी महासन्धि; महिला विरुद्धका सबै भेदभाव उन्मूलन गर्ने महासन्धि; युवाका लागि विश्व कार्ययोजना; दिगो विकास योजना २०३०; र संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नम्बर २२५० का सिद्धान्तहरूमा आधारित छ । युवाका लागि संयुक्त राष्ट्रसंघका महासचिवका दूत तथा युवाको विकासका लागि संयुक्त राष्ट्रसंघीय अन्तरएजेन्सी सञ्जालको कार्यका साथै युवाका सम्बन्धमा संयुक्त राष्ट्रसंघको प्रणालीगत कार्ययोजनाको कार्यान्वयनमा पनि यसले सहयोग गर्दछ ।




*युएनडीपीले आफ्ना सबै कामका युवालाई सकारात्मक परिवर्तनका संवाहकका रूपमा मूलप्रवाहीकरण गर्न खोजेको छ । तस्बिर : लक्ष्मीप्रसाद डाखुसी*


# प्रतिफलका क्षेत्रहरू/खम्बाहरू

## युवाको आर्थिक सशक्तीकरणमा वृद्धि

प्रतिफल १ युवा जनसङ्ख्याका लागि रोजगारीको सङ्ख्या र गुणस्तर बढाउने, उनीहरूको उत्पादकत्व बढाउने र बढी उत्पादक क्षेत्रहरूमा उनीहरूको गतिशीलता बढाउने कुरामा केन्द्रित छ। आर्थिक प्रभावका अतिरिक्त सुधारिएको युवा रोजगारीको सामाजिक न्याय र लैङ्गिक समानता लगायतका महत्वपूर्ण सामाजिक लाभहरू पनि रहेका छन्। युवाको आर्थिक सशक्तीकरण सम्बन्धी कार्यक्रम निम्न कुरामा केन्द्रित हुन्छ :

**पर्यापर्यटन, कृषि र बजारीकरणमा केन्द्रित हुँदै युवालाई जीविकोपार्जन प्रवर्द्धनका गतिविधिमा संलग्न गराउने**

**युवा उद्यमीहरूको प्रवर्द्धन तथा राष्ट्रिय तथा स्थानीय तह दुवैका उद्यमीहरूका संस्था/सञ्जालहरूमा नेतृत्व लिन उनीहरूको क्षमता विकास**



*युएनडीपीबाट सहयोग गरिएका एक इन्जिनियर नेपालभरका उद्यमीको फाइदाका लागि डिजाइन गरिएको हिमाली अल्लो प्रशोधन गर्ने मेसिनमा काम गर्दै। तस्विर : मेडेप*

### उदाहरण : लघुउद्यम विकास कार्यक्रम

महिला तथा सामाजिक रूपमा बहिष्करणमा परेका गरिबीको रेखामुनिका जनताका लागि दिगो आम्दानीको स्रोत सिर्जना गर्न युएनडीपी र नेपाल सरकारले सन् १९९८ मा लघुउद्यम विकास कार्यक्रमको सुरुआत गरे। त्यसयता यसले गरिबीमा रहेका हजारौँलाई माथि उकास्ने सामर्थ्य राख्ने उद्यम विकासका नमुना विकास गरेको छ। यस परियोजनाले तयार पारेका १३०,००० भन्दा बढी लघुउद्यमीहरूमध्ये ६० प्रतिशत युवा (१६ देखि ४० वर्षका) छन्। सन् २०१८ जुलाईदेखि यो परियोजना पूर्ण रूपमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले उसको आफ्नै गरिबी निवारणका लागि लघुउद्यम विकास परियोजनामा समाहित गरेको छ।




*आइडिया फ्याक्ट्री २०१६ मा एकसाथ काम गर्दै एक जना सफ्टवेयर निर्माता र लघुउद्यमी । तस्बिर : लक्ष्मीप्रसाद ङाखुसी*

## उदाहरण : आइडिया फ्याक्ट्री

युएनडीपी नेपालले माइक्रोसफ्ट इन्नोभेसन सेन्टर नेपालसँगको साझेदारीमा विकास गरेको आइडिया फ्याक्ट्री सम्भाव्य युवा उद्यमीहरूलाई उनीहरूको पुँजी, चासो, सिप र अन्य तथ्यहरूसँग मिल्ने व्यवसायबारे अवधारणा प्रष्फुटित र विकास गर्न प्रोत्साहन गर्ने नवीनतम मञ्च रहेको थियो । यस कार्यशालाले युएनडीपीको सहयोग प्राप्त उद्यमीहरूलाई उनीहरूका उत्पादन प्रत्यक्ष रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खरिदकर्ताहरूसमक्ष बेच्न सहयोग गर्ने अनलाइन बजारको स्थापना गर्ने नतिजा निकालेको थियो ।

- **वित्तीय क्षेत्रको सम्भावित बजारको रुपमा युवा उद्यमीहरूलाई बैंक तथा वित्तीय संस्थाहरूले सहभागी गराउने**
- **युवा उद्यमी विकासका सुविधा विकास गर्न सरकारी तथा निजी संस्थाहरूको प्रवर्द्धन तथा सहयोग**
- **स्टार्ट अप्स तथा साना व्यवसायका लागि अवधारणा विकासमा सम्भाव्य उद्यमीहरूलाई सहयोग गर्न नवीनता प्रवर्द्धन**

## उदाहरण : युथ कोःल्याब नेपाल

युएनडीपीको एसिया-प्रशान्त युवा उद्यमशीलता पहल युथ कोःल्याबले यस क्षेत्रका ज्यादै पेचिला चुनौतीहरू समाधान गर्न युवालाई अग्र स्थान तथा केन्द्रमा राख्दछ । कोःल्याबले युवा उद्यमशीलतालाई मात्र सहयोग गर्दैन बरु यसले दिगो विकास लक्ष्यहरू हासिल गर्ने नयाँ उपायहरूमा युवा जनसङ्ख्यालाई नेतृत्व लिन सक्षम बनाउन उद्यमशीलताको वातावरणलाई कसरी सबल पार्न सकिन्छ भनेर यस क्षेत्रका सरकारहरू र अग्रणी फर्महरूसँग पनि निकटमा रहेर काम गर्दछ । यसरी कोःल्याबले युवाको नेतृत्वका समाधानको बुझाइलाई प्रगाढ बनाउँछ र सरकार, निजी व्यवसाय र सामाजिक आन्दोलनहरूसँगसँगै युवाको भूमिकालाई विकासको साझेदारका रूपमा माथि उकास्छ ।



युएनडीपी नेपालको पहिलो कोःल्याब १.० सन् २०१७ नोभेम्बरमा आयोजना भएको थियो । यसमा नेपालमा उद्यम-शीलताको वातावरणको परीक्षण तथा छलफल गर्न सरकारी निकाय र निजी क्षेत्रका प्रतिनिधिहरूका साथ ६० जना युवा नवप्रवर्तक तथा उद्यमीहरू सहभागी गराइएका थिए । उक्त कार्यक्रमका १५ वटा सर्वोत्कृष्ट उद्यमीहरूले सन् २०१८ जनवरीमा आयोजना भएको अवधारणा प्रतियोगितामा भाग लिए । दुई वटा सामाजिक उद्यम (फुड मारियो र हिमालयन इन्नोभेसन) विजयी भए र तिनीहरूलाई सन् २०१८ मार्चमा थाइल्यान्डको बैङ्ककमा आफ्नो अवधारणा प्रस्तुत गर्न अवसर प्रदान गरिएको थियो ।

युथ कोःल्याब २.० सन् २०१८ नोभेम्बरमा काठमाडौंमा आयोजना हुने तय भएको छ र नेपालका विभिन्न प्रदेशहरूबाट १०० भन्दा बढी उद्यमीहरू सहभागी हुने अपेक्षा गरिएको छ ।

## युवा नागरिक संलग्नता

प्रतिफल २ ले युवा पुरुष र महिलालाई उनीहरूका नागरिक र राजनीतिक अधिकारहरू तथा ती अधिकारहरू अभ्यास गर्नसक्ने माध्यम र उनीहरूको जीवनमा असर पार्न सक्ने निर्णय प्रक्रियाको बुझाइमा सहयोग गर्नुपर्ने तथा आवश्यकतालाई पहिचान गर्दछ । यस प्रतिफल अन्तर्गतका प्रयत्नहरूमा औपचारिक राजनीतिक संयन्त्र, मञ्च र संस्थाहरूमा युवाको सहभागिता सुदृढीकरण एवं युवा र राजनीतिक व्यक्तित्व तथा नीति निर्माताहरूबीच अन्तर्क्रिया र विचारको आदान-प्रदानका लागि स्थान उपलब्ध गराउनु पर्दछन् । यस कार्यक्रम निम्न कुरामा केन्द्रित छ :

**स्थानीय युवा क्लब तथा सञ्जालहरूको प्रवर्द्धन तथा स्थानीय तहको योजना प्रक्रियामा युवाको सहभागिता सुनिश्चित गर्न तिनीहरूलाई औपचारिक तथा अनौपचारिक मञ्चहरूसँग जोड्ने**

**युवा तथा पहिलो पटक मतदान गर्ने मतदातालाई मतदाता शिक्षा सूचना केन्द्रहरू मार्फत मतदाता शिक्षा प्रदान गर्ने**

**बढी द्वन्द्वको सम्भावनायुक्त स्थानहरूमा समावेशी मञ्चको स्थापना मार्फत सामाजिक सद्भाव प्रवर्द्धन गर्न युवाको क्षमता विकास**

### उदारहण : सामाजिक सद्भाव र लोकतान्त्रिक सहभागिता कार्यक्रम

नयाँ संविधान जारी र आसन्न सङ्घीयताको सङ्क्रमणको सन्दर्भमा सामाजिक सद्भाव सुदृढ गर्न र तनाव बढ्नबाट रोक्न युएनडीपीको सामाजिक सद्भाव र लोकतान्त्रिक सहभागिता कार्यक्रम सन् २०१६ जनवरीमा सुरु भएको थियो । ३५० जनाभन्दा बढी युवा, महिला, नागरिक समाज सदस्यहरू, पत्रकार, राजनीतिक नेतृत्वहरू परियोजनाबाट स्थानीय तहमा थालिएका विभिन्न प्रयत्नहरू मार्फत सामाजिक सद्भाव सबल बनाउने कार्यमा संलग्न भएका थिए ।



*शान्तिपूर्ण निर्वाचन प्रवर्द्धन गर्न युएनडीपीद्वारा बारा जिल्लामा आयोजित कार्यशालामा सहभागी हुँदै स्थानीय युवा । तस्बिर : एससीडीपी/युएनडीपी नेपाल*

**युवाको नागरिक र राजनीतिक सहभागिता सुदृढीकरण गर्न नमुना युवा संसद्को पहल तथा युवा र नीति निर्माणमा संलग्न हुने निकायहरूबीचको अन्तरक्रियालाई प्रवर्द्धन गर्न सहयोग**

## उदाहरण : नमुना युवा संसद्

संसदीय कारबाही तथा नीति निर्माण प्रक्रियाबारे युवालाई जानकार गराउन नेपाल युवा संस्था सञ्जाल र राष्ट्रिय युवा परिषद्सँगको सहकार्यमा युएनडीपीले नेपालका सात वटै प्रदेशहरूमा नमुना युवा संसदीय सत्रको आयोजना गऱ्यो । यी सत्रहरूमा १,००० भन्दा बढी (जसको आधा महिला थिए भने ५ प्रतिशत दलित, १७ प्रतिशत जनजाति, १९ प्रतिशत मधेसी, १० प्रतिशत लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय र २० प्रतिशत अपाङ्गता भएका) युवा प्रत्यक्ष रूपमा सहभागी भए । ती सत्रका सहभागीहरूले वातावरण, लैङ्गिक समानता, शान्ति र बसाइँ सराइ, अरु पनि विभिन्न विषयमा छलफल गरे । यी राजनीतिक जीवनमा युवाको सक्रिय र रचनात्मक सहभागिताका लागि अवसर सिर्जना गर्दै आयोजना गरिएका कार्यक्रमहरू टेलिभिजनमा प्रत्यक्ष प्रसारण गरिएका थिए र सबै प्रदेशका सत्रका समाचार रेडियो तथा पत्रपत्रिकाहरूमा आएका थिए । सहभागीहरूमध्ये केहीले उनीहरूका आफ्ना जिल्लामा स्थानीय निर्वाचनमा प्रतिस्पर्धा समेत गरे ।



*महिला दिवस २०१७ का अवसरमा आयोजना भएको युवा संसदीय सत्रको क्रममा भएको नमुना मतदान । तस्बिर : लक्ष्मीप्रसाद ङाखुसी*

**द्वन्द्वको रोकथाम तथा सामाजिक सद्भावमा युवा महिलालाई नेतृत्वदायी भूमिका लिन र समुदायको तहमा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव नम्बर १३२५ र अन्य सान्दर्भिक दस्तावेजहरूको कार्यान्वयनको प्रवर्द्धनमा सहयोग**

**विशेषगरी महिला, बालिका, र एचआईभी सङ्क्रमित, अपाङ्गता भएका, दलित र जातीय, धार्मिक र यौनिक अल्पसङ्ख्यक समूहका युवा जस्ता विभिन्न सीमान्तकृत वर्गका युवालाई सूचनामा पहुँच दिलाउन र उनीहरूको राजनीतिक सहभागिता बढाउन सामाजिक सञ्चार माध्यम र अन्य सूचना र सञ्चार प्रविधिको भूमिकाको खोजी**

**दिगो विकास लक्ष्यको प्रवर्द्धन गर्न युवाको नेतृत्वका संस्था तथा सञ्जालहरूसँग काम गर्ने, तथा दिगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्ने प्रयोजनका लागि ज्ञान र अनुभवको प्रवाह गर्न राष्ट्रिय तथा प्रदेश तहमा समूह खडा गर्ने**




## उदाहरण : दिगो विकास लक्ष्य महोत्सव

दिगो विकासका विश्वव्यापी उद्देश्यहरूलाई स्थानीयकरण गर्ने पहल स्वरूप युएनडपीको सहयोगमा नेपाल युवा परिषद्द्वारा नेपालका सात वटै प्रदेशहरूमा दिगो विकास लक्ष्य महोत्सवका शृङ्खलावद्ध कार्यक्रमहरू आयोजना गरिए । प्रत्येक कार्यक्रममा युवा नेतृत्व र विभिन्न विशेषज्ञ समूहका युवा, प्रदेश सरकारका प्रतिनिधिहरू र अन्य सामुदायिक सरोकारवालाहरू सहभागी थिए । तिनीहरूले दिगो विकास लक्ष्यहरूलाई उनीहरूका आफ्ना प्रदेश र नगरपालिकाहरूमा स्थानीयकरण गर्ने सम्भाव्य संयन्त्रको खोजी संयुक्त रूपमा गरेका थिए । दिगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्ने प्रक्रियामा युवाको भूमिकाबारेको छलफलमा १,००० भन्दा बढी युवा संलग्न भए ।



*सिन्धुपाल्चोकमा भूकम्पबाट भएको क्षतिको मूल्याङ्कन गर्दै युएनडीकीको सहयोग प्राप्त युवा इन्जिनियरहरू । तस्बिर : लक्ष्मीप्रसाद ढाखुसी*

# उत्थानशील निर्माणमा युवा संलग्नता

तेस्रो प्रतिफल युवालाई परिवर्तनका संवाहकका रूपमा परिचालन र सशक्तीकरण गर्ने, खासगरी विपद्पछिको र प्राकृतिक विपद्को सन्दर्भमा केन्द्रित छ । युएनडीपी नेपाल आघात, तनाव र परिवर्तनको अनुमान गर्न, रोकथाम गर्न र तिनबाट मुक्त गर्न र त्यसपछिको रूपान्तरण गर्न युवा महिला तथा पुरुषको क्षमता विकासको महत्वलाई पहिचान गर्दछ। २०७२ को विनाशकारी भूकम्पपछिको उद्धार तथा राहतको कार्यमा नेपाली युवाको सक्रिय संलग्नता विपद्हरूमा युवा कसरी पहिलो उद्धारकर्ता हुन सक्छन् र उनीहरूका आफ्ना समुदायहरूमा उत्थानशील निर्माणमा योगदान गर्न सक्छन् भन्ने कुराको एउटा अपवादजन्य उदाहरण थियो । यस प्रतिफल अन्तर्गतका केही पहलहरू निम्न रहेका छन् :

- **विपद्पछिको व्यवस्थापनमा युवा पुरुष तथा महिलाको जनजीवनलाई जति सक्दो चाँडो स्थिरीकरण गर्नुलाई उत्थानशीलता र सामाजिक सद्भाव निर्माणको एउटा महत्वपूर्ण पक्षका रूपमा लिएर सहयोग गर्नु**

- **विपद्को पूर्वतयारी, जनचेतना र खासगरी सामुदायिक पूर्वाधारको पुनःनिर्माण र स्थानीय शासन व्यवस्था सञ्चालनमा केन्द्रित भएर विपद्पछिका प्रयत्नहरूमा युवाको परिचालन**

- **ई.सी.ओ विपद् जोखिम न्यूनीकरण क्लबहरूको स्थापना गर्न आवश्यकता पहिचान मूल्याङ्कन तथा अन्य प्रक्रियाको थालनी गर्न सहयोग**

## उदाहरण : भग्नावशेषको सुरक्षित व्यवस्थापन, नष्ट गर्ने कार्य र विपद्जन्य फोहोरको व्यवस्थापन

२०७२ को भूकम्पभन्दा अघि नेपालमा भग्नावशेषको सुरक्षित व्यवस्थापन, नष्ट गर्ने कार्य र विपद्जन्य फोहोरको व्यवस्थापनको पर्याप्त विज्ञता (खासगरी भूकम्पपछि आवश्यक पर्ने) थिएन । त्यसैले संरचनागत मूल्याङ्कन तथा नष्ट गर्ने सम्बन्धमा इन्जिनियरहरूको समूहलाई तीव्र रूपमा तालिम दिनु ज्यादै कठिन कार्य बन्यो । १०५ युवा नेपाली इन्जिनियरहरूले भग्नावशेष नष्ट गर्ने कार्यमा संलग्न अन्तर्राष्ट्रिय विज्ञहरूबाट भग्नावशेषको सुरक्षित व्यवस्थापन, नष्ट गर्ने कार्य र विपद्जन्य फोहोरको व्यवस्थापनका सम्बन्धमा गहन र विस्तृत निर्देशन प्राप्त गरे ।

१०५ इन्जिनियरहरूमध्ये ९२ जनालाई युएनडीपीले संयुक्त राष्ट्रसंघीय स्वयंसेवा कार्यक्रम मार्फत परिचालन गऱ्यो । ती इन्जिनियरहरू भूकम्पले क्षति पुऱ्याएका विभिन्न निजी र सरकारी भवनहरूका भग्नावशेषको सुरक्षित व्यवस्थापन, नष्ट गर्ने कार्य र विपद्जन्य फोहोरको व्यवस्थापनमा जानुअघि कार्यस्थलको तालिम प्राप्त गरे र प्राविधिक सत्रहरूमा सहभागी भए । उनीहरूले कामका लागि नगद योजना अन्तर्गत भग्नावशेषको सुरक्षित व्यवस्थापन, नष्ट गर्ने कार्य र विपद्जन्य फोहोरको व्यवस्थापनमा संलग्न हुने ४,००० भन्दा बढी मानिसलाई प्राविधिक ज्ञान प्रदान पनि गरे ।


*२०७२ को भूकम्पपछि विभिन्न स्थानका भूकम्पबाट क्षतिग्रस्त निजी र सरकारी भवनहरू भत्काइदाको निरीक्षण गर्न र भग्नावशेषको व्यवस्थापन गर्न युएनडीपी र युएनभी कार्यक्रमले ९२ जना इन्जिनियरहरू परिचालन गरेका थिए । तस्बिर : लक्ष्मीप्रसाद ङाखुसी*

**युएनडीपी नेपालको युवा रणनीतिको तीनवटा प्रतिफलका क्षेत्रहरूको कार्यढाँचा अन्तर्गत तथा अन्य विभिन्न सहयोगहरू मार्फत यस रणनीतिले युवाको अधिकार रक्षा र प्रवर्द्धन गर्ने लक्ष्य र विकासमा सक्रिय योगदान गर्न उनीहरूलाई प्रोत्साहन गर्ने लक्ष्य लिएको छ ।**

# पद्धति

**विकासका नीति र कार्यक्रमहरूका सम्बन्धमा युएनडीपीको आफ्नै बहुविषयगत पद्धतिमा आधारित भएर युएनडीपीले युवाका सम्बन्धमा संयुक्त राष्ट्रसंघीय प्रणालीका कार्यमा मूल्य अभिवृद्धि गर्दछ । विशेष रूपमा युएनडीपी नेपालको युवा रणनीतिका लागि चारखम्बे पद्धतिको अवलम्बन गरिएको छ, जसले निम्न कुरा गर्न खोज्दछ :**

**सहायता** युवा जनसङ्ख्या र युवाका संस्थाहरूको क्षमता विकास मार्फत,

**संलग्नता** बाह्यपहुँच, वकालत र विकासका सबै क्षेत्रमा युवाका मुद्दाहरूलाई मूलप्रवाहीकरण मार्फत,

**प्रभाव** वैचारिक नेतृत्व एवम् सीमान्तीकृत युवाको आवाजसमेत समेटिएको र २०७२ पछिको विकास प्रक्रियाको अनुगमन गर्न सुधार गरिएको तथ्याङ्क सङ्कलनमा आधारित विश्वव्यापी नीतिगत तथ्याङ्क र सञ्जाल मार्फत, र

**दिगोपना** राष्ट्रिय नीति, बहिष्करणमा परेका तथा उपेक्षित पुरुष तथा महिला युवालाई संरक्षण गर्न बढी प्रभावकारी रणनीति र समाजका सबै क्षेत्रमा उनीहरूको पूर्वसूचित र सक्रिय सहभागितामा सहयोग मार्फत ।




*युएनडीपी नेपालको युवा रणनीतिले बाह्यपहुाच, पैरवी र युवाका मुद्दाहरूलाई मूलप्रवाहीहरण मार्फत युवा जनसङ्ख्यालाई संलग्न गराउन खोजेको छ । तस्बिर : युएनडीपी नेपाल*

# कार्यान्वयनका सिद्धान्तहरू

**युएनडीपी नेपालको युवा रणनीतिले निम्न १० वटा निर्देशक सिद्धान्तहरू अवलम्बन गरेको छ :**

विशेष गरी सङ्कटासन्न र सीमान्तीकरणमा परेका युवालाई सशक्त बनाउने, संलग्न गराउने र समावेश गर्ने संयन्त्र निर्माण गर्न युएनडीपीका कार्यक्रम तर्जुमा गर्दा युवालाई अझ एकीकरण गर्दै **आरम्भकर्ता, सहयोगी र लक्षित समूहका रूपमा युवासँग र युवाका लागि काम गर्ने ।**

कार्यक्रम तर्जुमा गर्दा मानव अधिकारमा आधारित पद्धतिको प्रवर्द्धन र युवाको आर्थिक, राजनीतिक, सामाजिक, नागरिक र सांस्कृतिक अधिकारको दावी गर्न र अभ्यास गर्न युवाको क्षमता विकास गर्दै **मानव अधिरकारको रक्षा गर्ने ।**

महिलाहरू आफ्नो समाजमा पुरुषका साथ समान रूपमा योगदान गर्न सक्षम नभएसम्म दिगो मानव विकास पूर्ण रूपमा हासिल हुन सक्दैन भन्ने कुरालाई आत्मसात गर्दै **लैङ्गिक समानता र युवा महिलाको सशक्तीकरणको निर्णायक महत्वलाई मनन् गर्ने ।**

युवाको क्षमता र अवसरको विस्तार गरेर उनीहरूका रोजाइ बढाउने प्रक्रियाबाट निर्देशित हुँदै भविष्यप्रति सम्झौता नगरी वर्तमानलाई फाइदा पुऱ्याउने आर्थिक, सामाजिक र वातावरणीय दृष्टिकोणबाट दिगो रूपबाट सबै क्षेत्रहरूमा विपन्न युवाका लागि जीविकोपार्जनका अवसर सिर्जना मार्फत **दिगो मानव विकासको खोजी ।**




## उदाहरण : कानुनी प्रशिक्षार्थी कार्यक्रम

जोखिममा रहेका समूहका धेरैभन्दा धेरै महिला र पुरुष कानुनी पेसामा प्रवेश गर्न सहजीकरण गर्नका लागि युएनडीपीले नेपाल बार एसोसिएसनसँगको सहकार्यमा कानुनी प्रशिक्षार्थी कायक्रम सञ्चालन गर्दछ । छ महिनाको यस कार्यक्रमको लक्ष्य नेपालमा विधिको शासन र न्यायमा पहुँच सुदृढीकरणका लागि राम्रो योगदान गर्न सक्षम हुन सकून् भनेर युवा कानुन व्यवसायीहरूमा आत्मविश्वास र सिप अभिवृद्धि गराउनु रहेको छ । यस कार्यक्रमबाट पाँच ब्याचबाट १३५ जना युवा कानुन व्यवसायीहरूले स्नातक तहको उपाधि प्राप्त गरेका छन् ।

आफ्नो विकासका लागि युवा आफै सकारात्मक परिवर्तनका संवाहक हुन् भन्ने कुरालाई आत्मसात् गर्दै विकासका अवसरहरूमा युवा महिला तथा युवा पुरुषका लागि समतामूलक पहुँच हासिल गर्दा राजनीतिक तथा सार्वजनिक निकायहरूमा युवाको नागरिक संलग्नता सुदृढ गर्दै **युवाको सहभागिता र उनीहरूका आवाज सुनिएको कुरा सुनिश्चितता ।**

## उदाहरण : मानव अधिकार एप्पाथन

मानव अधिकार सम्बन्धी समस्या समाधानमा सहयोगी हुन सक्ने एप्लिकेसन र वेबसाइट तयार पार्ने उद्देश्यले आफ्नो सीप परीक्षण गर्न नेपालभरका ५०० युवा आईटी विद्यार्थी तथा स्नातकहरू एप्पाथनमा सहभागी भए । त्यसमा प्रथम पुरस्कार टिम राइट एभेन्जर्सले तयार पारेको मानव अधिकार हननका पीडित र मानव अधिकारको क्षेत्रमा काम गर्ने निकायहरूसँग सम्बन्ध स्थापना गर्ने एपले प्राप्त गऱ्यो । एप्पाथन युएनडीपी नेपाल, माइक्रोसफ्ट इन्नोभेसन सेन्टर नेपाल, राष्ट्रिय मानव अधिकार आयोग र एल्लाइन मेमारियल फाउन्डेसनको संयुक्त आयोजनामा भएको थियो ।

नयाँ र नवप्रवर्तनीय साधन तथा पद्धतिको विकासमा लगानी तथा सबै क्षेत्रका सफल अनुभवलाई आत्मसात् तथा स्तरवृद्धि गर्ने सम्भाव्यताको ख्याल गर्दै **रूपान्तरणकारी परिवर्तनका लागि नवप्रवर्तनलाई प्रोत्साहन ।**

युवाका अपेक्षाहरूलाई कसरी राम्ररी पुरा गर्न सकिन्छ भन्ने बारेमा युवाका लागि दिगो नतिजा दिने नीति निर्माण, नेतृत्वको सिप, साझेदारीको सामर्थ्य र संस्थागत क्षमता विकास गर्न युएनडीपीको सहयोगसाथ **राष्ट्रिय अपनत्व र युवा नेतृत्व समेतको नेतृत्वबाट निर्देशित ।**



*युएनडीपीको सहयोगमा रोबोटिक्स एसोसिएसन नेपालद्वारा आयोजना भएको यन्त्र ६.० रोबोटिक्स प्रतियोगितामा युवा नवप्रवर्तकहरू । तस्बिर : लक्ष्मीप्रसाद ङाखुसी*

ज्ञान, अनुभव, असल अभ्यासहरू र युवाको विकासका लागि सहयोगी समाधान बन्ने अन्य स्रोतहरूको आदान-प्रदान गर्न विकासशील देशहरूबीच दक्षिण-दक्षिण र **त्रिकोणात्मक सहयोगको अभिवृद्धि ।**

विकासका चुनौतीहरूको सामना गर्दा, सिप र विश्वास दुवै आर्जन गर्दा एवं समाजमा एकता हासिल गर्दा र सहभागिताका लागि अवसरहरू सिर्जना गर्दा युवालाई संलग्न गराउन युवा **स्वयंसेवावादलाई अनुकूल बनाउने ।**

युवा र पुरानो पुस्ताबीच सूचना र अनुभवको दुईतर्फी हस्तान्तरणमा सहयोग, परम्परागत सामुदायिक नेतृत्व, वृद्ध तथा युवाका बीचमा संवादको सुदृढीकरण गरेर **अन्तरपुस्ता ज्ञान साझेदारी ।**

# सञ्चार र बाह्यपहुँचका साधन



*युएनडीपीले युवा समूहहरू, युवा संस्थाहरू र विद्यार्थीहरूसँग फलदायी साझेदारी स्थापना गर्न आफ्नो सञ्चार साधनहरूको उपयोग गर्दछ । तस्बिर : लक्ष्मीप्रसाद डाखुसी*

विकासको बृहत् क्षेत्र निर्माण गर्न र दिगो विकास लक्ष्यबारेको सन्देश व्यापक जन समुदायमा फैलाउन युएनडीपी नेपालको सञ्चार रणनीतिले युवासँग मिलेर काम गर्ने र आफ्ना प्रयत्नहरूमा युवालाई परिचालन गर्ने कुरालाई उच्च प्राथमिकता दिएको छ । युवा समूह, युवा संस्था र विद्यार्थीहरूसँग अझ बढी फलदायी साझेदारी निर्माण गर्दा युएनडीपीले सामाजिक सञ्चार माध्यम, व्याख्यान, व्याख्या, नवीन माध्यम, हाजिरी जवाफ र प्रतियोगिताहरू जस्ता यसका आफ्नै सञ्चारका साधनहरूको उपयोग गर्नेछ । विश्वविद्यालय र कलेजका हजारौँ विद्यार्थी र देशव्यापी रूपमा नागरिक समाजबीच दिगो विकास लक्ष्य प्राप्तिबारे जनचेनता अभिवृद्धि गर्न र ती लक्ष्यहरूको कार्यान्वयन, अनुगमन र निरीक्षणको क्रममा युवाको भूमिकाबारे छलफल गर्न बाह्य पहुँचका लागि व्याख्यानका शृङ्खलाहरू विशेष सम्भाव्य हुन्छन् ।

युवा युएनडीपी नेपालको समग्र लक्षित समूह भए पनि सीमान्तीकरणमा परेका र सङ्कटापन्न समूहका युवाको सशक्तीकरण, संलग्नता र परिचालनमा विशेष ध्यान दिइने छ । पैरवी र कार्यान्वयनका लागि उपयोग गर्न सकिने मुख्य प्रभावशाली युवामा पनि ध्यान केन्द्रित गरिने छ ।

# दिगो र नवसृजनाको साझेदारी



*संयुक्त राष्ट्रसंघ दिवस २०१७ का अवसरमा संयुक्त राष्ट्रसंघ पार्कको सरसफाइमा युवा संस्थाहरू तथा कलेजका युवा स्वयंसेवीहरू सहभागी भए । तस्बिर : युएनडीपी नेपाल*

**युवा सशक्तीकरणको प्रगति युएनडीपीले कसरी स्रोतको परिचालन गर्दछ, युवा र विकाससँग सम्बन्धित गतिविधिहरूमा तालमेलका लागि सरोकारवालाहरू कसरी एकसाथ आउँछन् र नीति तथा कार्यक्रमहरूमा युवाका दृष्टिकोणहरूलाई कसरी प्रभावकारी रूपमा मूलवाहीकरण गरिन्छ भन्नेमा पूर्णतः निर्भर हुन्छ ।**

**नागरिक समाज र युवामा आधारित/युवाको नेतृत्वका संस्थाहरूसँग साझेदारी सुदृढीकरण :** युएनडीपीले युवा विज्ञहरू तथा युवाका सम्बन्धमा काम गर्ने व्यक्तिहरू, युवामा आधारित र युवाको नेतृत्वका संस्थाहरू, युवा जनतासँग काम गर्ने नागरिक समाज संस्थाहरू र युवा सम्बन्धी विज्ञसमूहहरू-सँग संलग्न भएर काम गर्नेछ । यी व्यक्ति तथा संस्थाहरूका लागि सहयोग र तिनीहरूसँगको साझेदारीले सबै तहहरूमा नीति तथा कार्यक्रम तर्जुमा गर्दा युवाको प्रतिनिधित्व र सहभागिताका साथै उनीहरूका रुचीका क्षेत्रमा सशक्तीकरण गर्ने कामको सहजीकरण गर्ने लक्ष्य लिएको छ । यसले सिप विकास र क्षमता विकास मार्फत युवाको पैरवीलाई पनि सुदृढ गर्नेछ । समुदाय र जिल्ला तहमा अरु बढी युवासम्म पुग्नका लागि युएनडीपीले विद्यमान संस्था तथा सञ्जाल-हरूसँग मिलेर काम गर्ने कार्यलाई निरन्तरता दिनेछ र नयाँ साझेदारी पनि गर्नेछ ।

**राष्ट्रिय र प्रदेश तहहरूका समकक्षी सरकारसाग साझे-दारी सुदृढीकरण :** युएनडीपीलाई अहिले राष्ट्रिय युवा नीति तथा भिजन २०२५ को कार्यान्वयन गर्न युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्साग मिलेर काम गर्ने ठुलो अवसर छ । युएनडीपीले सरकारका सबै तह र क्षेत्रगत निकायहरूमा युवाका प्राथमिकताबारे पैरवी गर्न र संयोजनका संयन्त्रहरूको सहजीकरण तथा युवा सम्बन्धी नीतिहरूमा एकरूपता दिन राम्रो अवसर पाएको छ ।

**संयुक्त राष्ट्रसंघीय प्रणालीभित्र राम्रो संयोजन तथा एकरूपताका लागि साझेदारी :** युएनडीपीले सान्दर्भिक संयुक्त राष्ट्रसंघीय निकायहरूसँग संयुक्त पहल र कार्य-क्रमहरू लागु गरेर संयुक्त राष्ट्रसंघीय प्रणालीभित्र सुधारिएको संयोजन र एकरूपतामा योगदान गर्ने तथा युएनसीटी युवा समूह, युएन युथ एडभाइजरी प्यानल र नेपाल विद्यार्थी संघ जस्ता विद्यमान संयन्त्रहरूलाई सुदृढ गर्ने लक्ष्य लिएको छ । युएनडीपीले यसका चालु कार्यक्रमका अनुभवबाट सिकेका कुरा समाहित गर्ने र युएनडीएएफको चक्रमा युवालाई ध्यान दिने कुरालाई बलियो बनाउने कामलाई पनि प्राथमिकता दिएको छ ।

यो युवा रणनीति युवासशक्तीकरण, प्रभावकारी पैरवी र युवाका मुद्दाहरूको मूलप्रवाहीकरण, नीतिगत विकास, प्राविधिक तथा व्यावहारिक साझेदारी, युवासँग सम्बन्धित अनुसन्धान र ज्ञानको व्यवस्थापन र प्रभावको मूल्याङ्कनमा सहयोग गर्न व्यवस्थित तथा संयोजित कामका लागि मुख्य प्रस्थानविन्दुहरू पहिल्याउन युएनडीपीका लागि मार्गनिर्देशकका रूपमा काम गर्न अभिप्रेरित छ। अझ महत्वपूर्ण यो छ कि रणनीतिले अवलम्बन गरेका तीनवटा मुख्य खम्बा वा प्रतिफलहरू युएनडीपीको नेपाल सहायता कार्यक्रम सन् २०१८-२०२२ सँग पूर्णरूपमा मिलान गरिएका छन् ।

यस रणनीतिले युवालाई विकासका लाभ प्राप्तकर्ता र कार्य गर्ने पात्र दुवै भूमिकाबाट पहिचान गर्न उनीहरूसँगको संलग्नतालाई उचाइमा पुर्‍याउनका लागि युएनडीपीको प्रतिवद्धतालाई प्रतिविम्बित गर्दछ । युवामा आकाङ्क्षाहरूलाई सम्बोधन गर्न प्रयास गर्दै यसले विकासका छलफलहरू, औपचारिक योजना र कार्यक्रम तर्जुमा तथा निर्णय प्रक्रियामा युवाको समावेशी र अर्थपूर्ण सहभागिताका लागि सहयोगी वातावरण सिर्जना गर्न पनि खोजेको छ ।

तथापि यो विभिन्न साझेदार तथा सरोकारवालाहरूको योगदान र संलग्नताविना हासिल गर्न सकिँदैन, जसका लागि युएनडीपीले सान्दर्भिक बहुपक्षीय, अन्तर्राष्ट्रिय र क्षेत्रीय संस्थाहरू र विकासका साझेदारहरूसँग सहकार्य गर्नु पर्दछ। अझ अगाडि बढ्दै युएनडीपीले स्रोत परिचालनका लागि अवसरहरूको खोजी र दिगो युवा विकासलाई प्रवर्द्धन गर्ने आफ्नो व्यापक प्रयत्नमा सुधारिएको वाह्य पहुँच र संलग्न-तालाई जारी राख्नेछ ।



अन्तर्राष्ट्रिय बहिरा दिवस २०१६ का अवसरमा निर्वाचन सहयोग कार्यक्रम/युएनडीपीद्वारा आयोजित मतदाता शिक्षा कार्यक्रममा सहभागी भएका युवा । तस्बिर: रोचन कडरिया/इएसपी


१ गरिबीको अन्त्य
२ भोकमारीको अन्त्य
३ स्वस्थ र समुन्नत समाज
४ गुणस्तरीय शिक्षा
५ लैङ्गिक समानता
६ स्वच्छ पानी तथा सरसफाई
७ स्वच्छ उर्जामा सहज पहुँच
८ मर्यादित रोजगार तथा आर्थिक वृद्धि
९ उद्योग पूर्वाधार र नवीन सिर्जना
१० असमानता न्यूनीकरण
११ दिगो सहर र समुदायहरू
१२ जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन
१३ जलवायु परिवर्तनमा तत्काल पहल
१४ जलमुनिको जैविक विविधताको संरक्षण
१५ जमिनमाथिको जैविक विविधताको संरक्षण
१६ शान्ति, न्याय र सशक्त निकाय
१७ लक्ष्य प्राप्तिका लागि साझेदारी
SUSTAINABLE DEVELOPMENT GOALS

UNDP

Empowered lives.
Resilient nations.

*np.undp.org*

facebook.com/undpnepal

twitter.com/undpnepal

youtube.com/undpnepal

instagram.com/undpnepal